# रतुवामाई नगरपालिकाको
# आ.व. २०८२/०८३ को वार्षिक नीति तथा कार्यक्रम

## रतुवामाई नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
## सिजुवा, मोरङ

रतुवामाई नगरपालिकाको यस गरिमामय ऐतिहासिक १६ औं नगर सभाका अध्यक्ष रतुवामाई नगरपालिकाका प्रमुखज्यू, कार्यपालिकाका सदस्यज्यूहरु, नगर सभाका सदस्य ज्यूहरु, प्रमुख प्रशासकिय अधिकृतज्यू लगायत सम्पुर्ण कर्मचारी साथीहरु,

रतुवामाई नगरपालिकाको यस गरिमामय नगरसभाको १६ औं अधिवेशनमा आ.व. २०८२/८३ को नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा हामी अत्यन्त हर्षित छौं । यस रतुवामाई नगरपालिकाको विकास र उन्नतिको लागि सकृय रुपमा अगाडि बढ्दै प्रभावकारी रुपमा दैनिक सेवा प्रवाह र विकास पथमा लाग्नु भएका सम्पूर्ण सभाका सदस्यहरुलाई धन्यवाद ज्ञापन गर्दछु । लोकतान्त्रिक गणतन्त्र तथा विभिन्न काल खण्डमा स्वतन्त्रताको निम्ती अन्दोलनका क्रममा आफ्नो रगतले मातृ भुमिलाइ उर्वरा गर्नु हुने वीर शहिदहरु प्रति भावपूर्ण श्रद्धन्जली अर्पण गर्दछु ।

सभा अध्यक्ष एवं सदस्य महानुभावहरु आगामी आर्थिक वर्ष २०८२/८३ को वार्षिक नीति तथा कार्यक्रम तर्जूमाका

आधार तथा प्राथमिकताहरु निम्नानुसार रहेका छनः

**वार्षिक नीति तथा कार्यक्रम तर्जूमाका आधार**

- संविधानले स्थानीय सरकारलाई तोकेको दायित्व तथा अधिकार, राज्यका नीति तथा निर्देशक सिद्धान्तहरु,
- सोह्रौ पञ्चवर्षीय योजनाले निर्धारण गरेका लक्ष्य, नीति तथा प्राथमिकताहरु,
- नेपाल सरकारको बजेट, योजना, नीति तथा कार्यक्रमहरु,
- कोशी प्रदश सरकाको बजेट, योजना, नीति तथा कार्यक्रमहरु,
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४
- निर्वाचनमा जनतासंग गरिएका घोषणापत्र तथा प्रतिवद्धताहरु,
- विभिन्न विषयगत समिति, वडा समिति, र सरोकारवाला समूहहरुबाट प्राप्त राय सुझाव,
- नेपाल सरकारको दीगो विकासका लक्ष्य, मानव अधिकार, बाल अधिकार, महिला अधिकार, लगायतका अन्तरराष्ट्रिय स्तरमा जनाएका प्रतिवद्धताहरु,
- नगरपालिकाले स्वीकृत गरेका ऐन, नियम, नीति, निर्देशिका, कार्यविधि, मार्गदर्शनहरु
- नगरवासीहरुले समय समयमा दिएका सुझावहरु
- वार्षिक नीति तथा कार्यक्रम तर्जूमाका प्राथमिकताका क्षेत्र
- सुशासन तथा गुणस्तरीय सार्वजनिक सेवा प्रवाह
- शिक्षा, स्वास्थ्य, खेलकुद
- सामाजिक समावेशीकरण

- कृषि तथा पशुपंक्षी विकास
- उद्योग, वाणिज्य, सहकारी तथा रोजगारी प्रवर्द्धन
- वन, वातावरण, जलवायु परिवर्तन तथा विपद व्यवस्थापन
- पूर्वाधार विकास
- सूचना प्रविधि

आदरणीय नगरसभा अध्यक्ष एवं सदस्यज्यू हरु अव म सम्मानित सभा समक्ष रतुवामाई नगरपालिकाको आ.व २०८२/८३ मा विषयगत क्षेत्रअनुसार रतुवामाई नगरपालिकाले अवलम्बन गर्ने २२१ वटा वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्न चहान्छु ।

# विषय क्षेत्रगत नीतिहरुः

## १. सामाजिक विकास सम्बन्धी नीतिः

### शिक्षा सम्बन्धी नीतिः

१. नेपाल सरकारको शिक्षा नीति अनुसार गुणस्तरीय शिक्षा प्रदान गर्न विद्यार्थी संख्या, शिक्षक संख्याको अनुपात र भौगोलिक अवस्था समेतको अध्ययनका आधारमा विद्यालयहरु एकीकरण गर्ने नीति लिईने छ ।

२. **रतुवामाई नगरपालिकाको इच्छा, गुणस्तरीय शिक्षा** भन्ने नाराका साथ शैक्षिक स्तर सुधारका लागि निर्माण भएको १० वर्षे नगर शिक्षा विकास योजना प्रभाकारी रुपमा कार्यान्वयन गरिनेछ।

३. छोरी बुहारीमा उच्च शिक्षा प्रति प्रोत्साहन गर्न **उपमेयर संग छोरी-बुहारी उच्च शिक्षा कार्यक्रम** अन्तर्गत उच्च शिक्षा प्रदान गर्ने सौठां बहुमुखी क्याम्पस र इटहरा बहुमुखी क्याम्पसमा स्नातक तहमा अध्ययन रतुवामाई नगरपालिका स्थायी ठेगाना भएका छोरी बुहारीहरुको सम्पूर्ण शैक्षिक खर्च सम्बन्धित क्याम्पसलाई नगरपालिकाले अनुदानको रुपमा दिने कार्यलाई निरन्तरता दिइने छ ।

४. **जग राम्रो भए मात्र घर बलियो हुन्छ** भन्ने मान्यतालाई स्वीकार गरी पूर्व प्राथमिक र प्राथमिक तहमा अध्ययनरत बालबालिकाको सिकाईलाई प्रभावकारी बनाउन पूर्व प्राथमिक तह र प्राथमिक तह सुधार अभियान सञ्चालन गरिने छ ।

५. बाल विकास सहजकर्ताहरुलाई मन्टसरी तालिम र प्राथमिक तहका शिक्षकहरुलाई स्थानीय शैक्षिक सामग्री निर्माण र बाल मनोविज्ञान सम्बन्धी परामर्श उपलब्ध गराईने छ ।

६. माध्यमिक तहका विद्यार्थी छात्राहरुका लागि नगरपालिकाबाट निःशुल्क स्यानीटरी प्याड वितरणको कार्यलाई निरन्तरता दिइने छ ।

७. विद्यालयमा आवश्यक पर्ने पूर्वाधार निर्माण, मर्मत सम्भार विकास, कक्षाकोठामा आवश्यक फर्निचर, खानेपानी र शौचालयको उचित व्यवस्था तथा शैक्षिक सामाग्री व्यवस्थापनका लागि आवश्यक पहल गरिने छ ।

८. सबै सामुदायिक, धार्मिक तथा संस्थागत विद्यालयहरूको व्यवस्थापन तथा पठनपाठन कार्यको नियमित अनुगमन, निरीक्षण र नियमनका लागि संस्थागत संयन्त्र सञ्चालमा ल्याइनेछ ।

९. शिक्षकको पेशागत क्षमता अभिवृद्धि गरी शैक्षिक तथा प्रशासनिक, लेखा प्रणाली, जिन्सी व्यवस्थापन प्रणाली लगायतका विषयमा प्र.अ. तथा लेखापाल कर्मचारीहरुलाई पूनर्ताजगीको लागि तालिम सञ्चालन गरिने छ ।

१०. रतुवामाई १० स्थित श्री महेन्द्र मा.वि.मा अनाथ तथा असहाय बालबालिकाका लागि सञ्चालित आवासीय विद्यालय शिक्षालाई थप प्रभावकारी बनाइनेछ ।

११. विद्यालयहरूको सुन्दरता बढाउन, विद्यालयहरूलाई वातावरणमैत्री र हरियालीयुक्त बनाउनका लागि **एक विद्यालय एक बगैंचा तथा बृहत हरित क्षेत्र निर्माण** गर्ने कार्यक्रम सञ्चालनमा गरिनेछ ।

१२. नगरस्तरीय आधारभूत तह उत्तीर्ण परीक्षा (कक्षा-८ को परीक्षा) मर्यादित तथा व्यवस्थित रुपमा सञ्चालन तथा व्यवस्थापनको लागि आवश्यक व्यवस्था गरिने छ ।

१३. सामुदायिक विद्यालयहरूमा अध्ययनरत विद्यार्थीहरूका लागि नियमित स्वास्थ्य परीक्षण सेवा र विद्यालयमा मनोसामाजिक परामर्शको लागि मनोसामाजिक परामर्शकर्ता परिचालन गरिनेछ ।

१४. नगरपालिका क्षेत्र भित्रका सामुदायिक तथा संस्थागत विद्यालयमा अध्ययनरत विद्यार्थीहरमध्ये फरक क्षमता र प्रतिभा भएका विद्यार्थीहरु पहिचान गरी प्रोत्साहन गर्ने र प्रतिभा पलायन हुन नदिने शिक्षा नीति लिईने छ।

१५. नतिजाका आधारमा सामुदायिक विद्यालयहरुबाट कक्षा पाँच, आठ, दश र वाह्र कक्षामा उच्चतम अङ्क ल्याउने विद्यार्थी, उत्कृष्ट शिक्षक र विद्यालयलाई शिक्षा दिवस र वाल दिवसका अवसरमा पुरस्कृत गरिने छ ।

१६. सामुदायिक विद्यालयहरुमा स्वच्छ सफा र शुद्ध पिउने पानीको व्यवस्था मिलाइने छ साथै विद्यालयको शौचालय सरसफाई कार्यक्रम सञ्चालन गरिने छ ।

१७. **"उत्कृष्ट विद्यालयलाई सम्मान, कमजोरलाई प्रोत्साहन"** कार्यक्रम संचालन गरिनेछ।

१८. विद्यालय तहमा ट्राफिक नियम तथा सडक सूरक्षाका सम्बन्धमा सचेतना कार्यक्रमहरू सञ्चालन गरिने छ ।

१९. प्रत्येक विद्यालयमा मासिक कम्तिमा दुई शुक्रवार बिद्यार्थीहरुको अतिरिक्त क्षमतालाई प्रष्फुटन हुने गरी अतिरिक्त क्रियाकलाप सञ्चालन गरिने छ ।

२०. नगर भित्र रहेका सामुदायिक तथा संस्थागत विद्यालयहरुमा सञ्चालनमा रहेका चमेनागृहलाई पोषण सम्बन्धी तालिम प्रदान गर्दै पोषणयूक्त खाद्यवस्तु मात्र प्रयोग गर्न अभिप्रेरित गरिनेछ ।

२१. नगरपालिकाको समग्र विकासका लागि अध्ययन, अनुसन्धान गर्ने व्यक्ति, संघ, संस्थालाई प्रोत्साहन गर्ने नीति लिईने छ ।

२२. सूचना प्रविधिमा आधारित शिक्षामा जोड दिँदै डिजिटल माध्यमबाट स्मार्ट कक्षाकोठा निर्माण तथा सञ्चालन गर्ने नीति लिइने छ ।

२३. इ-लाइब्रेरी सहितको पुस्तकालय निर्माणका लागि पहल गरिने छ ।

२४. सामुदायिक विद्यालयमा स्काउट कार्यक्रमलाई निरन्तरता दिईने छ ।

२५. सामुदायिक विद्यालयहरुमा विद्यार्थीहरुका लागि स्थानीय विषय र भाषाको समेत पाठ्य पुस्तक तयार गरीने छ ।

## स्वास्थ्य सम्बन्धी नीतिः

२६. जनताको मौलिक हकको रुपमा रहेको गुणस्तरीय स्वास्थ्य सेवा सवै नागरीकमा सहज पहूँच पुग्ने गरी (Universal Health Coverage) प्रभावकारी रुपले उपलव्ध गराउने एवं आधारभुत स्वास्थ्य सेवा निःशुल्क उपलब्ध गराईने छ ।

२७. विद्यालयहरूसँग सहकार्य गरी बालबालिका र किशोर-किशोरीमा यौन तथा प्रजनन् स्वास्थ्य, पोषण, मानसिक स्वास्थ्य र सर्ने र नसर्ने रोगहरु नियन्त्रण सम्बद्ध कार्यक्रम सञ्चालन गरिनेछ।

२८. रतुवामाई नगरपालिकाद्धारा संञ्चालनमा रहेको झुर्किया नगर अस्पतालमा आवश्यक जनशक्ति, औजार तथा स्वास्थ्य उपकरण र अन्य भौतिक पूर्वाधारको व्यवस्था गर्दै विशेषज्ञ सेवा सहितको स्वास्थ्य सेवा लिने गरी आवश्यक व्यवस्था गरिने छ । नगर अस्पतालमा सुविधा सम्पन्न प्रयोगशाला र अस्पताल फामेर्सी, एक्सरे सेवा, USG सेवा, संञ्चालनमा ल्याईनेछ ।

२९. नगरका सम्पूर्ण नागरिकको स्वास्थ्य बिमा कार्यक्रममा पहुच पुर्याउन आवश्यक कार्यक्रम लागू गरिने छ । विपन्न नागरिकको निशुल्क स्वास्थ्य बीमा कार्यक्रमलाई निरन्तरता दिईने छ । सीमान्तकृत, विपन्न एवं लक्षित समूहको स्वास्थ्य को पहुँचमा निःशुल्क बीमा सुविधा उपलब्ध गरिनेछ।

३०. रतुवामाई नगरपालिकाको ईटहरा स्वास्थ्य चौकीबाट समेत स्वास्थ्य बीमा कार्यक्रमको प्रेषण सेवा उपलब्ध गराउनको लागि आवश्यक व्यवस्थापन गरिनेछ।

३१. देशमा पुन फैलिदैगएको कोभिड जस्ता माहामारीजन्य तथा अन्य संक्रात्मक रोगहरु न्यूनीकरण गर्न उच्च प्राथमिकता दिई त्यसको रोकथाम, नियन्त्रण, पूर्व तयारी र प्रतिकार्यको व्यवस्था गर्दै औषधी, औषधीजन्य सामग्री तथा सुरक्षा सामग्रीको सहज आपूर्ति वा भण्डारणको व्यवस्था गरी जनतालाई सुरक्षित राखिनेछ ।

३२. मातृशिशु स्वास्थ्य कार्यक्रम तथा आमा सुरक्षा कार्यक्रम अन्तर्गत सबै गर्भवती महिलाहरूलाई निःशुल्क क्याल्सियम चक्की वितरण नियमित गरिनेछ । साथै बहुक्षत्रीय पोषण, नियमित खोप तथा पाठेघरको मुखको क्यान्सरको नियमित स्क्रिनिङ्ग शिविर तथा सिकलसेल एनिमिया सचेतना शिविर सञ्चालन गरिनेछ ।

३३. आरोग्य जीवनका लागि ध्यान, योग, मानसिक स्वास्थ्य, प्राकृतिक चिकित्सा जस्ता वैकल्पिक उपचार पद्धतिका कार्यक्रमहरू निरन्तरताका साथै सरोकारवालाहरूको सहकार्यमा सञ्चालनमा ल्याइनेछ ।

३४. आधारभूत सेवा प्रदान गर्नका लागि आवश्यक ९८ प्रकारका सबै  औषधीहरु सबै स्वास्थ्य संस्थाहरु मार्फत निःशुल्क उपलब्ध गराईनेछ ।

३५. निजी स्वास्थ्य संस्थाहरुको नियमित प्रभावकारी रुपमा अनुगमन र नियमन गरिने छ ।अवैध रुपमा सञ्चालित स्वास्थ्य संस्था र क्लिनिकहरु बन्द गरिने छ भने स्वास्थ्य शिक्षा कार्यक्रम विद्यालय र समुदायसंग सहकार्य गरी प्रभावकारी ढंगले कार्यान्वयन गर्दै लगिने  छ।

३६. बाल स्वास्थ्य र मातृशिशु स्वास्थ्यलाई अझ व्यवस्थित र प्रभावकारी बनाउन सबै वडमा **सुनौलो हजार दिन** कार्यक्रम सञ्चालन गरिने छ ।

३७. आयूर्वेद औषधालयबाट आयुर्वेद स्वास्थ्य सेवा उपलब्ध गराउँदै निःशूल्क आयूर्वेद औषधी उपलब्ध गराईने छ ।

३८. स्वास्थ्य जीवन शैली परिवर्तनका लागि नागरिक आरोग्य कार्यक्रम संचालन गर्दै ध्यान योग, योग र आयुर्वेद सेवालाई प्राथमिकता दिईने छ ।

३९. पोषणमैत्री स्थानीय शासन प्रवर्दन कार्यक्रम संचालन गरिने छ ।

४०. उच्च रक्तचाप, मधुमेह, क्यान्सर, दम, मृगौला रोगको रोकथामका लागि जीवनशैली सुधारमूलक कार्यक्रम संचालन गरिनेछ। क्यान्सर,मृगौला, र मेरुदण्ड पक्षघात सम्बन्धी जटिल प्रकृतिका विरामीलाइ उपचारका निम्ति मासिक खर्च उपलब्ध गराईने छ ।

४१. आयुर्वेदिक औषधालयमार्फत पंचकर्म, स्नेहन, स्वेधन र फिजियोथेरापी सेवा संचालन गरिनेछ ।

४२. नेपाल रेडक्रस सोसाईटी मोरङसंगको सम्झौतामा नगरवासीलाई उपलब्ध गरिदै आएको निःशुल्क रक्तसंचार सेवालाई निरन्तरता दिईनेछ ।

## महिला, बालबालिका, ज्येष्ठ नागरिक तथा अपाङ्गगता सम्बन्धी नीति :

४३. सरकारी सेवामा मूल प्रवाहीकरणका लागि महिला, आदिवासी, जनजाति, मधेशी, मुस्लिम, दलित, पिछडिएका समुदायका लागि लक्षित **वर्ग विशेष लोकसेवा तथा शिक्षक सेवा आयोग** तयारी कक्षा सञ्चालन गरिनेछ ।

४४. **"नागरिकका हरेक सुखदुःखमा नगरपालिका"** भन्ने मूल नारासाथ नगरवासीको मृत्यु संस्कारमा शवलाई घाटसम्म पुऱ्याउन निःशुल्क शव वाहनको व्यवस्थालाई निरन्तरता दिईने छ ।

४५. असहाय, बेवारिसे तथा सडक सहयोगापेक्षी सडक मानव उद्धार, व्यवस्थापन तथा मानवता प्रवर्धनका लागि मानव सेवा आश्रमसँगको सहकार्यलाई निरन्तरता दिइनेछ ।

४६. विपन्न, दलित, आदिवासी जनजाति, पिछडिएका वर्ग र अपाङ्गता भएकाहरूका लागि विशेष संरक्षणका कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

४७. आमा समुह,महिला सञ्जाल, बाल सञ्जाल, जेष्ठ नागरीक सञ्जाल, किशोर– किशोरी सञ्जाल, अपाङ्गता भएकाहरूको सञ्जाल गठन गरी विकासमूलक कार्यक्रममा समन्यायिक सहभागिता सुनिश्चित गरीनेछ ।

४८. महिला, दलित,द्वन्द पिडित, एकल महिला र अल्पसङ्ख्यक क्षेत्रबाट नगरपालिका तथा अन्य सार्वजनिक जिम्मेवारी बहन गर्ने प्रतिनिधिहरूको क्षमता विकासद्वारा तिनको भूमिका प्रभावकारी बनाइने छ ।

४९. महिला हिंसा, जातीय विभेद र सामाजिक कुसंस्कार, लागुपदार्थ दुर्व्यसनी, आत्महत्या, आत्मरक्षा, वालविवाह न्युनिकरण, विद्यालय स्तरमा सामाजिक सञ्जालको दुरुपयोग लगायतका जागरणमूलक सचेतना कार्यक्रम सञ्चालन गरिनुका साथै यस प्रकारका घटनाहरूलाई कानूनी कारवाहीको दायरामा ल्याइनेछ।

५०. योजना प्रक्रियामा सरोकारवाला लाभग्राही महिला, दलित, बालबालिका, जेष्ठ नागरीक,यौनिक तथा लैंगिक अल्पसङख्यक र अपाङ्गता भएका व्यक्तिहरूको सहभागिता सुनिश्चित गरिने छ ।

५१. अपाङ्गगत भएका व्यक्तिहरुको हककितको संरक्षण गरिने छ । साथै अपाङ्गहरूका लागि आवश्यक सहायक तथा सहयोगी सामग्री वितरण गरिनेछ ।

५२. महिला, बालबालिका, आदिवासी जनजाति, मानव अधिकार लगायतका क्षेत्रमा नेपालले अनुमोदन गरेका संयूक्त राष्ट्र संघ तथा अन्तराष्ट्रिय घोषणापत्रका प्रावधानहरु प्रभावकारी रुपमा कार्यान्वयन गर्न अभिप्रेरित गरिने छ ।

५३. बालमैत्री स्थानीय शासन घोषणा, अपाङ्गगता मैत्री, ज्यष्ठ नागरिक मैत्री र अपाङ्गगता मैत्री सेवा प्रवाह र संयन्त्रको सवलीकरण गर्दै लगिने छ ।

५४. ज्येष्ठ नागरिक तथा वालवालीकालाई खुल्ला प्राकृतिक वातावारणमा रमाउदै खेल्न बस्नका निम्ती उद्यान निर्माण गरिने छ।

५५. महिला प्रविधी पहुच कार्यक्रम संचालनगरी जीवनोपयोगी प्रविधी र डिजिटल साक्षरता अभिवृद्धि सम्बन्धी कार्य संचालन गरिनेछ ।

५६. अपाङ्गता तथा ज्येष्ठ नागरिकको परिचयपत्रलाई डिजिटल रुपमा लगिनेछ ।

## लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी नीतिः

५७. लैङ्गिक समानता र महिला सशक्तिकरणको नीतिलाई अवलम्बन गर्दै प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ । नीति निर्माण तहमा महिलाको अर्थपूर्ण सहभागिता तथा प्रतिनीधित्वलाई सुनिश्चित गर्दै नेतृत्व विकासमा जोड दिईनेछ ।

५८. विषयक्षेत्रगत नीतिहरूमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण अवलम्बन गरने छ । लैङ्गिक संवेदनशील बजेट प्रणालीको अवलम्बन गरीनेछ ।

## राष्ट्रिय परिचय पत्र तथा सामाजिक सुरक्षा सम्बन्धी नीतिः

५९. सामाजिक सुरक्षा भत्ता वितरणलाई सरल, सहज, पहुँचयोग्य र थप प्रभावकारी बनाउदै बैङ्कहरुसंग आवश्यक सहजीकरण गरिने छ ।

६०. सामाजिक सुरक्षा भत्ता कार्यक्रमलाई राष्ट्रिय परिचयपत्रसंग आवद्ध गरी दोहोरोपना हटाउन जिल्ला प्रशासन कार्यालय संग सहकार्य गरी बायोमेट्रिक प्रणालीमा सामाजिक सुरक्षा भत्ता वितरणमा हुन सक्ने दोहोरोपनालाई शून्यमा झारिने छ ।

६१. अनलाईनमा आधारित व्यक्तिगत घटना दर्तालाई थप व्यवस्थित गरिने छ ।

६२. सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता सम्बन्धी कार्यको शुद्धिकरणको लागि CMIS प्रणालीबाट नागरिकता प्रमाणपत्र चेकजाँच गरिनेछ ।

६३. नगरवासीलाई राष्ट्रिय परिचयपत्र सहजरुपमा उपलब्ध गराउन आवश्यक सहजीकरण गरिने छ ।

## युवा तथा खेलकुद विकास सम्बन्धी नीतिः

६४. **स्वास्थ्यका लागि खेलकुद, राष्ट्रका लागि खेलकुद** भन्ने मूल नाराका रतुवामाई भित्रका बढी रुचाईएका खेलहरु क्रिकेट, फुटबल, भलिबल, ब्याडमिन्टन, कबड्डी, चेस, म्याराथन दौड लगायतका खेल समावेश गरी बृहत रुपमा रतुवामाई खेलकुद महोत्सब सञ्चालन गरिनेछ ।

६५. मेयर कप फुटबल प्रतियोगितालाई निरन्तरता दिईनेछ ।

६६. **स्वास्थ्य र अनुशासित युवा, विकासमा टेवा** भन्ने मूल नाराका साथ नगर युवा तथा खेलकुद समितिमार्फत सरोकारवाला सबैको समन्वयमा विभिन्न खेलकुद कार्यक्रमहरु संचालन गरिने छ । नगरका खेलकुद कार्यक्रमलाई एकद्वार प्रणालीबाट समन्वयात्मक रुपमा समिति मार्फत सञ्चालन गरिने छ ।

६७. वडाहरु मार्फत सञ्चालन गरिने खेलकुद गतिविधिहरु वडास्तरीय युवा तथा खेलकुद विकास समिति मार्फत एकद्वार प्रणालीबाट सञ्चालन गरिने छ ।

६८. खेलकुद क्षेत्रमा युवाहरुलाई आकर्षण गर्दै नगरस्तरीय खेलकुद एकेडेमी मार्फत व्यवसायिक खेल खेल्ने गरी खेलकुद सम्बन्धी उच्चस्तरको प्रशिक्षणको व्यवस्था गराईने छ। प्रभावकारी टिम तयार पारी मात्र बाह्य प्रतियोगिताहरुमा सहभागिता गराईने छ। महिला खेलाडीहरुलाई थप प्रोत्साहन गरिनेछ।

६९. वर्ष भरिमा उत्कृष्ट खेल प्रदर्शन गर्दै नगरको नाम उच्च राख्न सफल खेलाडी तथा युवालाई उत्कृष्ट खेलाडीको पुरस्कारबाट सम्मान गरिनेछ ।

७०. **खेलकुद युक्त पूर्वाधार, स्वस्थ्य जीवनको आधार** भन्ने नागरका साथ खेलकुदमा प्रतिस्पर्धा गर्ने क्षमताको विकास गर्न साथै तन्दुरस्त जीवनका लागि खेल सम्बन्धी गतिविधि सञ्चालन गर्न आवश्यक पर्ने पूर्वाधारहरु (फुटबल, फुटसल रंगशाला, कभर्डहल) को निर्माण, मर्मत संभार तथा स्तरोन्नति गरिने छ ।

७१. धुम्रपान, मद्यपान, लागू औषध, दुर्व्यसनी, कुलतबाट बच्न नेपाल प्रहरीसंग साझेदारीमा जनचेतामूलका कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

# २ .आर्थिक विकास सम्बन्धी नीतिः

## कृषि विकास सम्बन्धी नीतिः

७२. सिंचित क्षेत्रमा चैतेधान प्रवर्दन कार्यक्रम संचालन गरिने छ ।

७३. कृषि रतुवामाईको अर्थतन्त्रको संयन्त्र : सबै किसानलाई आधुनीक कृषि यन्त्र कार्यक्रम संचालन गरिने छ ।

७४. रतुवामाई नगरपालिका कृषिमा आधारित नगरपालिका भएको हुँदा आधुनिक प्रविधिको प्रयोगबाट स्वस्थ्य कृषि बालीको उत्पादन र उपादकत्व अभिवृद्धि गर्दै कृषकको आय आर्जन तथा रोजगार सृजनाका लागि आवश्यक रणनीति निर्माण गरिने छ ।

७५. नगरपालिकाका कृषकहरुलाई उन्नत जातको तरकारी बिऊ किट, मकैको बिऊ, धानको बिऊ अनुदानमा गर्दै आइरहेको वितरण कार्यलाई निरन्तरता दिईने छ ।

७६. कृषिको आधुनिकीकरण, विविधिकरण र व्यवसायीकरण गर्न कृषि राष्ट्रिय तथा प्रादेशिक नीति बमोजिमका कार्यक्रमहरु सञ्चालन गर्दै आइरहेको कार्यलाई निरन्तरता दिईने छ ।

७७. नगरपालिकाको कृषि हाटबजारलाई प्रभावकारी ढङ्गले संचालन गर्दै उत्पादक र उपभोगकर्ता बीचको सम्बन्धलाई नजिन बनाईनेछ ।

७८. मौसमी तथा बेमौसमी बाली बाली उत्पादन तथा बजारी करण समबन्धी जनचेतना मूलक कार्यक्रम र तालिम सञ्चालन गरिने छ ।

७९. कृषकहरुले बाली लगाउने माटोको परीक्षण नियमित रुपमा हुने गरी आवश्यक उपकरणको खरिद गरी सञ्चालनमा ल्याइने छ ।

८०. कृषकहरुलाई समय मै साथ साथै पर्याप्त मल वितरण हुने गरी आवश्यक पहल र सहजीकरण गरिने छ।

८१. व्यवसायिक कृषक तथा कृषि फर्महरुको अभिलेखलाई नियमित रुपमा अद्यावधिक गर्दै कृषि सम्बन्धी कार्यक्रमहरु इच्छा, चाहना र मागका आधारमा ल्याइने छ ।

८२. रतुवामाई नगरपालिका-४ स्थित रहेको कोल्ड स्टोरलाई सञ्चालनमा ल्याइने छ ।

८३. कृषि योग्य भूमिको पूर्ण उपयोग सुनिश्चित गर्न नगरपालिका भित्र रहेका सम्पूर्ण कृषि योग्य जमिनमा खेती गर्न प्रोत्साहन गरिने छ ।

८४. खेतीयोग्य जमिनमा सिँचाई सुविधा पुऱ्याई उत्पादकत्वमा वृद्धि गर्ने नीति लिईने छ ।

८५. कृषिमा आत्मनिभर्र बनाउनका व्यवसाथिक रुपमा च्याऊ खेती, मौरीपालन, तालिम सञ्चालन गरिने छ ।

८६. कृषकको लागत घटाउन र कृषकको मनोबल उच्च पार्न कृषि सिँचाईको लागि विद्युत महसुल अनुदान उपलब्ध गराईने कार्यलाई निरन्तरता दिईनेछ ।

८७. रतुवामाई नगरपालिका वडा नम्बर ९ मा निर्माणाधीन विउविजन भण्डार गृहलाई सञ्चालनमा ल्याई स्रोत केन्द्रको रुपमा विकास गरी धानको विउमा नगरपालिकालाई आत्मनिर्भर बनाइनेछ ।

८८. सहकारी संस्थाको साझेदारीमा संचालित वीउ उत्पादन कार्यक्रम लाई निरन्तरता दिइने छ |

८९. किसान सुचिकरण कार्यक्रमलाई निरन्तरता दिई यस बर्ष सवै वडाको किसान सुचिकरणको तथ्यांक संकलन गर्ने कार्य सम्पन्न भइसकेको हुँदा किसाको वर्गीकरण अनुसार नगरपालिका दिने अनुदान सोही आधारमा आवश्यक कार्यविधि बनाई लागू गरिनेछ ।

९०. **कृषक संग कृषि प्राविधिक कार्यक्रम** सञ्चालन गरी हरेक कृषकलाई कृषि प्राविधिक संग जोडी प्राविधिक सेवा लिन प्रोत्साहन गरिनेछ ।

## पशुपंक्षी विकास सम्बन्धी नीतिः

९१. पशु कृषक समूह दर्ता तथा फर्म दर्ता गरेका कृषकहरुलाई नगरपालिकाबाट हुने पशु कार्यक्रमहरुमा विशेष प्राथमिकता दिईनेछ ।

९२. कृषकहरुले उत्पादन गरेका पशुहरुको उचित मूल्य प्राप्तिका लागि साप्ताहिक रुपमा लाग्ने गरी पशुहाट बजारको शुरुवात गरिनेछ ।

९३. पशु नश्ल सुधार अन्तर्गत कृत्रिम गर्भाधान कार्यक्रमबाट दुध उत्पादनमा वृद्धि गर्नका लागि यगाई भैंसीमा कृत्रिम गर्भाधान सेवा पुऱ्याउँदै आएकोमा यस कार्यलाई आगामी वर्षमा समेत निरन्तरता दिईने छ ।

९४. पशु वस्तुमा आन्तरिक तथा बाह्य परिजीवी नियन्त्रण कार्यक्रमहरुलाई थप प्रभावकारी बनाउँदै लगिने छ ।

९५. नगरपालिका क्षेत्र भित्र छाडा चौपाया छोड्ने कार्यलाई नियमन गर्दै सामुदायिक कुकुरहरूलाई व्यवस्थित गर्न रेबिज भ्याक्सिन र बन्ध्याकरण कार्यलाई निरन्तरता दिईनेछ ।

९६. कृषि पेशालाई सम्मानित एवं व्यवसायिक बनाउन वडास्तरीय उत्कृष्ट कृषक र नगरस्तरीय सर्वोत्कृष्ट कृषकहरुलाई सम्मान गरिने छ ।

९७. पशुधनको सुरक्षाको लागि नगरमा आफ्नै पशु अस्पताल स्थापनाका लागि संघ तथा प्रदेश सरकार संग पहल गरिने छ ।

९८. पशुपंक्षी विमा गर्न प्रोत्साहित गरिनेछ ।

९९. रतुवामाई नगरपालिकालाई माछा ब्लकको रुपमा विकास गर्ने नीति लिईने छ ।

१००. कृषि तथा पशु स्वास्थ्य सेवा केन्द्रबाट प्रदान गरीने सेवालाई थप विस्तार गरी घरघर स्वास्थ्य सेवा,कृषकलाई रतुवामाईको टेवा कार्यक्रम संचालन गरिनेछ ।

## उद्योग व्यवसाय सम्बन्धी नीतिः

१०१. १२ कक्षा पढ्नसाथ विदेशिने मनस्थितिलाई परिवर्तन गर्न +२ माथि संचालन रहेका विद्यालय हरुमा उद्यमशिलता सम्बन्धी कार्यक्रम , “**स्कुल स्कुलमा उद्यमशीलता**” कार्यक्रम संचालन गरिनेछ ।

१०२. नव प्रवर्तन संग सम्बन्धी व्यवसायहरुको बारेमा युवा तथा उद्यमीलाई जानकारी गराई नव प्रवर्तन क्याम्प संचालन गरिनेछ।

१०३. नगरक्षेत्र भित्रका **उद्यम व्यवसायको प्रोफाइलअनुसार** उद्यम व्यवसायहरुको प्रवर्दन र नियमनमा आवश्यक नीति गरिनेछ ।

१०४. क र ख वर्गको अपाङ्गगता भएका व्यक्तिबाट सञ्चालित २० लाख भन्दा कम पुँजी भएका साना तथा घरेलू व्यवसायको व्यवसाय दर्ता तथा नवीकरणमा लाग्ने कर राजश्वमा क्रमश ८० र ६० प्रतिशत छुट दिईनेछ ।

१०५. स्वरोजगारी र उद्यम सिर्जना गर्न तथा उद्यमी बनेकालाई टिकाइ राख्न बाहिरबाट आयातित वस्तुहरुको प्रतिस्थापन गर्दै नगरपालिकाबाट प्रवद्धित उद्यमबाट उत्पादित वस्तुको प्रयोग बढाउनको लागि आवश्यक पहल गर्ने नीति लिईनेछ ।

१०६. गरिबी निवारण का लागी लघुउद्यम विकास कार्यक्रमलाई प्रभावकारी ढङ्गले संचालन गरिनेछ ।

१०७. मेड ईन रतुवामाई कार्यक्रम संचालन गरी , रतुवामाई नगरपालिकाको आफ्नै उत्पादनलाई ब्रान्डीङ्ग सहित वाहिर निर्यात गरिनेछ। यस अन्तर्गत रतुवामाई क्षेत्रको खोला बगरमा वृहत बगर खेती संचालन गरिनेछ ।

## संस्कृति संरक्षण तथा पर्यटन सम्बन्धी नीतिः

१०८. नगरपालिकाको मुख्य सडक, चोकहरुमा पर्यटकलाई आकर्षण गर्ने गरी सडक बत्ती, सडक किनारहरुमा फुलको गमला राख्ने, कलभर्ट तथा पुलहरुमा एकै किसिम रङ्गले सजाउने लगायतका विधिबाट रतुवामाईको मौलिकता समेत झल्किने गरी सौन्दर्यीकरण गरिनेछ ।

१०९. रतुवामाई नगरपालिका भित्र रहेका भल्खुवा जंगल, सोनामाइ पोखरी, सुनबर्षी महाराजथान, जोरपोखरी, ओमकारेश्वर शिव पंचायन मन्दिर, विश्वनाथ धाम मन्दिर , मदन भण्डारीको घर, मदन आश्रीत पार्क, जनता बाँध सिमसार, सुनमहारानी पोखरी लगायतका पर्यटकिय क्षेत्रहरुको प्रवर्धन तथा विकास गरिनेछ ।

११०. रतुवामाई नगरपालिका-१ स्थितको भल्खुवा जंगललाई संरक्षण गरी पिकनिक स्पर्टको रुपमा विकास गरिने छ ।

१११. आन्तरिक तथा बाह्य पर्यटन प्रवर्द्धनका लागि नगर कार्यपालिकाको वैठक पर्यटकीय क्षेत्रहरुमा बैठक बसिने छ ।

११२. रतुवामाई नगरपालिकामा होमस्टे सञ्चालन गर्न आवश्यक प्रोत्साहनको नीति लिईनेछ ।

११३. स्थानीय हस्तकलाका सामग्रीहरुको उत्पादन र प्रवर्द्धनका लागि सीप मूलक तालिम सञ्चालन गरिने छ र विक्री वितरणका लागि नगरपालिकामा स्थानीय उत्पादन विक्री कक्ष र बजार क्षेत्रमा कोशेली घर सञ्चालन गरिने छ ।

११४. पर्यटन पूर्वाधार गुरुयोजना निर्माण कार्यको थालनी गरिने छ ।

११५. नगरभरिका पर्यटकीय दृष्टिकोणले प्रवल संभावना भएका मठ, मन्दिर, गुम्बा, मस्जिदहरुको संरक्षण, सम्बनर्धन गरिने छ ।

## श्रम तथा रोजगार सम्बन्धी नीतिः

११६. रतुवामाई नगरपालिकाको **पञ्चबर्षीय रोजगार रणनीति** लागू गरिने छ ।

११७. आन्तरिक रोजगारी सृजना गर्न आवश्यक कार्यक्रम संचालन गरिने छ ।

११८. सूचिकृत बेरोजगारहरुलाई नगरपालिकाको साझेदारीमा सार्वजनिक पूर्वाधारहरुको निर्माण तथा मर्मत सम्भारमा प्रयोग गरिनेछ ।

११९. नगरपालिका क्षेत्र बाल श्रमिकहरुको अवस्थाको अध्ययन गरी **वालश्रम मुक्त नगरपालिका** बनाउन आवश्यक पहल गरिनेछ ।

१२०. नगरपालिका क्षेत्र भित्रका युवा जनशक्तिलाई नगरपालिका **श्रम बैंक**मा आवद्ध गराउने गराई दक्ष र सक्षम जनशक्तिको विकास गरी आन्तरिक रोजगारी प्रवर्द्धन गर्न आवश्यक सीपमूलक तालिमको पहिचान गरी बेरोजगार व्यक्तिलाई व्यवसायिक तालिम दिईनेछ ।

१२१. श्रमसंसार पोर्टल मार्फत स्थानीय बेरोजगार व्यक्तिहरुलाई रोजगारी खोज्न आवश्यक सहयोग गरिनेछ।

१२२. रोजगार कार्यमा संलग्न श्रमिकलाई उत्पादनमूलक कार्यसँग जोडी जीविकोपार्जनमा थप सहयोग पुऱ्याइने छ ।

१२३. पालिका भित्र उपलब्ध हुने रोजगारीको अवसरहरुको पहिचान गरी सो को सूचना प्रवाह गरिनेछ । वैदेशिक रोजगारीमा जाने व्यक्तिहरुका लागि श्रम स्वीकृति, पुनःश्रम स्वीकृतिको कार्यलाई सहजीकरण गर्ने कार्यलाई निरन्तरता दिईनेछ र वैदेशिक रोजगार बोर्डले प्रदान गर्न आर्थिक सहायता, छात्रवृति लगायत सहायता कार्यक्रमलाई सहजीकरण गरिने छ ।

१२४. सुरक्षित आप्रवासन कार्यक्रम अन्तर्गत वैदेशिक रोजगारीलाई सुरक्षित, मर्यादित र उत्पादनशिल बनाउन आवश्यक व्यवस्था वित्तीय साक्षरता, मनोसामाजिक परामर्श दिईनेछ ।

१२५. "श्रमको सम्मानः राष्ट्रको अभियान" कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

## सहकारी सम्बन्धी नीतिः

१२६. सहकारी क्षेत्रमा सुशासन कायम गर्न सहकारीहरूलाई प्रवर्द्धन, नियमन तथा अनुगमन गर्ने कार्यलाई तिब्रता दिँदै रतुवामाई नगरपालिका नियमक निकाय रहको सम्पूर्ण सहकारीहरुलाई विद्युतीय प्रणालीमा कोपोमिस (COPOMIS) मा अनिवार्य आवद्ध गरिनेछ ।

१२७. सहकारी सञ्जाल तथा सहकारीहरूको सहकार्यमा सहकारी सञ्चालक, व्यवस्थापक तथा कर्मचारीको क्षमता विकासका लागि आवश्यक तालिम/प्रशिक्षण कार्यक्रम सञ्चालन गरिनेछ।

१२८. दिगो विकास लक्ष्यलाई स्थीनीयकरण गर्न सार्वजनिक-निजी-सहकारी क्षेत्रको सहकार्यमा जोड दिईनेछ ।

१२९. राष्ट्रिय रुपमा सहकारीहरुमा देखिएको समस्यालाई मध्यनजर गर्दै नगरभित्र क्रियाशिल सहकारी संस्थाहरु एक आपसमा गाभिनका लागि प्रोत्साहन गर्ने नीति लिईनेछ ।

१३०. नगरपालिकामा दर्ता भई सञ्चालनमा नरहेका सहकारी संस्थालाई खारेजी गरिनेछ ।

१३१. नियमानुसार सहकारी सञ्चालन नगर्ने, समयमा नै नगरपालिकाले माग गरेको बिवरण तथा मासिक बिवरण नबुझाउने सहकारीहरुलाई जरिमाना/दण्डित गरिने र उत्कृष्ट सहकारीलाई पुरस्कृत गर्ने नीति अबलम्बन गरिनेछ ।

१३२. बचत तथा ऋण सहकारीहरुको कर्जा असुलीमा आवश्यक समन्वय तथा नीतिगत पहल गरिने छ ।

१३३. वित्तिय साक्षरताका कार्यक्रमहरु संचालन गरिनेछ ।

१३४. उत्पादनमुलक सहकारीलाई प्रवर्धन गरिनेछ ।

# ३. पूर्वाधार विकास सम्बन्धी नीतिः

## सडक यातायात सम्बन्धी नीतिः

१३५. सडक निर्माण कार्यलाई थप व्यवस्थित एवं गुणस्तरीय बनाउनका लागि सडक गुरुयोजना (नगर यातायात) निर्माण गरिने छ ।

१३६. रतुवामाई नगरपालिकाको **चक्रपथ** (रिङ्ग रोड) मा नगरबस सञ्चालन गर्ने गरी सडकको स्तरोन्नतिका लागि बहुवर्षीय योजनामा प्राथमिकताका साथ अगाडि बढाइने छ ।

१३७. मुख्य मुख्य सडक निमार्ण गर्दा लगत कट्टा गरेर मात्र निर्माण कार्य आरम्भ गरिने छ ।

१३८. विस्तृत परियोजना प्रतिवेदन, वातावरणीय प्रभाव मूल्याङ्कन, जग्गा प्राप्ति गरेर मात्र नगरका गौरवका योजनाहरु सञ्चालन गरिने छ।

१३९. रतुवमाई नगरपालिकाको LIFE LINE को रुपमा रहेको जि.पि मार्ग र मदन भण्डारी मार्ग निर्माण सम्पन्न गर्न आवश्यक पहल गरिनेछ ।

१४०. नगरपालिका क्षेत्रका मुख्य र महत्वपूर्ण सडक हरुलाई संघ प्रदेश साझेदारीमा कालोपत्रे गर्ने कार्यलाई निरन्तरता दिईने छ ।

१४१. समाजको विकासको लागि उत्कृष्ट योगदान पुऱ्याउनु हुने अग्रजहरुको सम्मान गर्दै विभिन्न सडक तथा चोकको नामाकरण गरिने छ ।

१४२. झोलुंगे पूल निर्माणको सम्भाव्यता भएका स्थानहरुको पहिचान गरी निर्माण कार्य पहल गरिनेछ

१४३. सन्थालजातीको पहिचानलाई जगेर्ना गर्दै नमुना संथाल वस्ती निर्माण गरिने छ ।

## भवन तथा सहरी विकास सम्बन्धी नीतिः

१४४. नक्सा पास प्रक्रियालाई सरल, सहज र पारदर्शी बनाउन विद्युतीय भवन अनुमति प्रणालीको अवलम्बन गरिने छ ।

१४५. नगर क्षेत्र भित्र कालोपत्रे सडक छेउछाउ आवास निर्माण गर्दा घरनक्सा पास गरी निर्माण गर्ने कार्यलाई अनिवार्य कार्यान्वयन गर्ने व्यवस्था मिलाइनेछ ।

१४६. सार्वनजिक तथा सरकारी भवनहरु निर्माण गर्दा वातावरणीय प्रतिकूलतालाई मध्यनजर गर्दै ऊर्जा मैत्री भवन निर्माणमा प्राथमिकता दिईने छ ।

१४७. नगर क्षेत्र भित्र सडक छेउछाउ बनेका संरचानाहरुको अभिलेखीकरण गर्दा निर्मित संरचनाको हालको अवस्थाको नक्सामा सडक क्षेत्राधिकार (ROW) बाहेकको घर नक्साको मात्र राजश्व लिई अभिलेखीकरण गर्ने कार्यलाई निरन्तरता दिईनेछ ।

## योजना, अनुगमन तथा मूल्याङ्कन नीतिः

१४८. नगरपालिकाको एकीकृत, सन्तुलित, दीगो र योजनाबद्ध विकासका लागि आवधिक योजना तथा मध्यमकालीन खर्च संरचना तर्जूमा गरी कार्यान्वयन गरिनेछ । नगर गुरुयोजना र योजना बैङ्कको भएको प्राथमिकता अनुसार संघ तथा प्रदेशमा योजना मागका लागि सिफारिस गरिनेछ ।

१४९. भौतिक पूर्वाधार सम्बन्धी प्रोफाइल तयार पारिनेछ ।

१५०. नगर तथा वडामा सञ्चालन हुने योजना तथा कार्यक्रमहरु प्रचलित कानून बमोजिम वडा तथा नगरस्तरीय अनुगमन समितिबाट अनुगमन गरी प्रभावकारी बनाईनेछ । अनुगमन समितिको प्रत्येक महिनाको २ पटक वैठक बसी नगर/वडामा संचालन भएका सम्पूर्ण योजनाको समीक्षा गरिने र संचालित योजनाहरुलाई प्रभावकारी बनाईने छ ।

१५१. विकास निर्माण कार्यमा साना टुक्रे योजनाहरुलाई निरुत्साहित गर्दै ठुला र देखिने खालका योजना संचालन गर्ने नीतिलाई अवलम्बन गरिनेछ ।

१५२. निर्माण व्यवसायीहरुलाई सम्झौता अवधिभित्रै तोकिएको गुणस्तर तथा परिमाण कायम हुने गरी निर्माण कार्य सक्न यथासंभव प्रयास गरिने छ ।

## भूमी सम्बन्धी नीतिः

१५३. सार्वजनिक, ऐलानी, पर्ती, नदी उकास, नदी किनार तथा सरकारी जग्गाहरूको लगत अद्यावधिक गरी सोको संरक्षण, सम्वर्धन तथा उपयोग गरिनेछ ।

१५४. भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवास्थित बसोबासीको पहिचान गरी प्रमाणीकरण गर्ने कार्यको लागि भूमी सम्बन्धी समस्या समाधान आयोग पुनःगठन भईसकेको नगरपालिकाले सुरु गरेको भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवास्थित वासोवासीको व्यवस्थापनको कार्यलाई व्यवस्थित गर्न आवश्यक कार्य गरिनेछ ।

१५५. राष्ट्रिय भू उपयोग नीति अनुसार नगरपालिकाले तयार गरेको भू-उपयोग योजना अनुरुप कृषि, गैर कृषि, औधोगिक एवं बजार क्षेत्रलाई एकीकृत विकास योजनाको जटिलतालाई समाधान गर्न आवश्यक परिमार्जन गरी व्यावहारिक र कार्यान्वयन योग्य बनाइने छ ।

१५६. नगरपालिका क्षेत्र भित्र प्लाटिंग गर्दा अनिवार्य नगरपालिकाको स्वीकृति लिएर मात्र गर्नु पर्ने नीति लिईने छ ।

१५७. वक्राह, रतुवा नदि क्षेत्र भित्र पर्ने जग्गाहरुको लगत तयार गरी त्यसको उचित व्यवस्थापन गरिने छ ।

### सिँचाई तथा ऊर्जा सम्बन्धी नीतिः

१५८. विद्युतको पहुँच नपुगेका सबैल टोल वस्तीहरुमा विद्युत सेवाको पहुँच पुर्याउन आवश्यक व्यवस्था मिलाईन्छ ।

१५९. सडक बत्तीलाई व्यवस्थित गर्दै उज्यालो नगरपालिका बनाउन सरोकारवाला निकायको समन्वयमा र टोलविकास संस्थासंगको सहकार्यमा कार्यक्रम अघि बढाईने छ ।

१६०. सडक बत्तीको विद्युत महसुल मुख्य सडकखण्डहरु बाहेक अन्य भित्री सडकहरुमा जडान गरिएको सडक बत्तीहरुको विद्युत महसुल सम्बन्धी वडाको रेखदेख तथा नियन्त्रणमा जडान तथा मर्मत गरिने छ ।

१६१. निशुल्क कृषि सिचाई महशुल कार्यक्रमलाई निरन्तरता दिईने छ ।

## ४. वन, वातावरण तथा विपद् व्यवस्थापन सम्बन्धी नीतिः

### वातावरण, सरसफाई तथा फोहर मैला व्यवस्थापन सम्बन्धी नीतिः

१६२. नगरपालिकाको मुख्य हाटबजार र चोकहरुबाट निस्कने फोहरहरको संकलन र व्यवस्थापनलाई कार्यविधि बनाई थप ब्यवस्थित बनाईने छ । फोहर मैलाको अन्तिम विसर्जन स्थल (डम्पिङ्ग साइट) लागि खोजी गरिने छ ।

१६३. फोरमैलाको वर्गीकरण गरी त्यसको न्यूनीकरण, पुनःप्रयोग, प्रशोधन लगायतको व्यवस्थापनको लागि नगरस्तरीय योजना तयार पारिने छ ।

१६४. नगरपालिकाको विभिन्न सार्वजनिक स्थलहरुमा आवश्यकताको आधारमा सार्वजनिक शौचालयको निर्माण गरिनेछ ।

१६५. वातावरणीय सन्तुलन दीगो बनाउन नगरक्षेत्र भित्र प्लाष्टिक झोलाको प्रयोगलाई निरुत्साहन गरी स्थानीय उत्पादन र प्रयोगमा जोड दिई वातावरण प्रदुषणमा कम गर्न नीति लिईने छ ।

### खानेपानी तथा सरसफाई सम्बन्धी नीतिः

१६६. स्वच्छ खानेपानीबाट बञ्चितिमा परेका वर्ग, परिवार र समुदायलाई लक्षित गरी साझेदारीमा वायोस्याण्ड फिल्टर वितरण गरिने छ ।

१६७. पूर्ण हात धुने कार्यक्रम सञ्चालन गरिने छ ।

१६८. खानेपानी परीक्षणको ल्याब स्थापना गरी खानेपानीको गुणस्तर परीक्षण गरिने छ ।

१६९. नगरपालिका भित्रका निर्माण भएका, निर्माणाधीन खानेपानी ट्याङ्कीहरुलाई खानेपानी वितरण हुने गरी सञ्चालन तथा व्यवस्थापनका लागि आवश्यक पहल गरिने छ ।

## जलस्रोत तथा भू-संरक्षण सम्बन्धी नीतिः

१७०. नदी कटानको समस्या रोक्न र थप क्षति हुन नदिन तटबन्धन, जैविक बार पायलिङ्ग र वृक्षारोपन गर्ने कार्यलाई निरन्तरता दिईने छ ।

१७१. वातावरण सुधार एवं जमिन मुनीको पानी पुनर्भरणको लागि विज्ञहरुको राय सुझावको आधारमा आवश्यक नीति लिईनेछ ।

## जलवायु परिवर्तन सम्बन्धी नीतिः

१७२. भविष्यमा जलवायु परिवर्तनका असर झन् विकराल हुने तथ्यलाई मध्यनजर गर्दै दिगो विकासका लक्ष्य, पेरिस सम्झौता अन्तर्गतको राष्ट्रिय रूपमा निर्धारित योगदान लक्ष्य, विपद्सम्बन्धी सेन्डाई संरचनाको अवधारणा र नेपालको राष्ट्रिय जलवायु परिवर्तन नीति २०७६ को भावनाअनुसार स्थानीय जलवायु अनुकुलन योजना निर्माण गरी कार्यान्वयनमा ल्याइनेछ ।

१७३. सार्वजनिक खुला स्थानमा विभिन्न कार्यक्रम तथा दिवसको अवसरमा वृक्षारोपण कार्यक्रम सञ्चालन गरी हराभरा नगरको रुपमा स्थाना गर्न एक घर एक विरुवा अभियान समेत सञ्चालन गरिने छ ।

१७४. दिनानुदिन बढ्दो जलवायु परिवर्तनका कारण अत्याधिक गर्मी/ अत्याधिक जाडो हुने भएको हुँदा वडा समितिहरु मार्फत टोल विकास संस्थाहरुलाई सिर्जनशिल कार्यहरुमा जोड दिई स्वच्छ र हराभरा रतुवामाई र हाम्रो टोल हाम्रो जिम्मेवारी भन्ने नाराका साथ नवीन कार्यहरु गर्न अघि बढाईने छ ।

१७५. वातावरणीय प्रदूषण र जलवायु परिवर्तनबाट उत्पन्न स्वास्थ्य जोखिमहरूका लागि रोकथाम र अनुकूलन कार्यक्रम लागु गरिनेछ।

## ४.५ विपद् व्यवस्थापन नीतिः

१७६. विपद् जोखिम न्यूनीकरण, जलवायु परिवर्तन, नागरिकलाई विपद् जोखिमबाट जोगाउन विपद प्रतिकार्य योजना तर्जुमा गरी कार्यान्वयन गरिनेछ । स्थानीय तथा वडास्तरका विपद् जोखिम समितिहरू मार्फत विपद् जोखिमका लागि आपतकालीन उद्धार तथा आपतकालीन तालिम सञ्चालन, दमकल, राफ्ट लगायतका आवश्यक सामाग्रीहरूको व्यवस्था गरिनेछ ।

१७७. आगलागीबाट हुन सक्ने क्षतिलाई न्यूनीकरण गर्न आग्नी नियन्त्रणको लागि सुविधायूक्त दमकल खरिद गरी सञ्चालनमा ल्याईने छ र नगर तथा नगरपालिका अन्तर्गतका सम्पूर्ण कार्यालयहरुमा अनिवार्य रुपमा Fire Extinguisher राखिने छ ।

१७८. विपद जोखिम न्यूनीकरणका लागि जोखिमयूक्त क्षेत्रको पहिचान तथा नक्साङ्कन गरिनेछ ।

१७९. दैवी प्रकोपबाट प्रभावित गरिब, सकुम्बासी, असहाय व्यक्तिहरुको पहिचान गरी राहत र उद्धार कार्यहरु गरिने छ ।

# ५. शासन तथा संस्थागत विकास सम्बन्धी नीतिः

## वित्तीय व्यवस्थापन तथा राजश्व परिचालन सम्बन्धी नीतिः

१८०. कर प्रणालीमा सुधार गर्दै प्रगतिशिल कर प्रणालीको सिद्धान्तमा रही राजश्वका नीति तथा कार्यक्रम तर्जूमा गरिनेछ र आगामी आर्थिक वर्ष २०८२/०८३ लाई **कर सहभागिता वर्ष**को रुपमा मनाईनेछ ।

१८१. नगरको समृद्धिको आधार, आन्तरिक आयको विस्तार भन्ने मूल नारालाई आत्मसाथ गर्दै नदीजन्य पदार्थ लगायतका प्राकृतिक स्रोतमा चुहावट नियन्त्रण गर्दै सबै क्षेत्रलाई करको दायरामा ल्याउन नीतिगत, संस्थागत एंव कार्यक्रम सहित नियमित अनुगमन गरिने छ ।

१८२. नगरबासीहरुले सेवा प्राप्त गर्नु अधिकार हो कर तिर्नु दायित्व हो हामीले तिरेको कर हाम्रै समृद्धिको लागि हो भन्ने मान्यताका साथ करदाता शिक्षा कार्यक्रम सञ्चालन गरिने छ ।

१८३. आय वृद्धिको लागि नगरपालिकासंग सम्बद्ध सबै संयन्त्रहरु जनप्रतिनीधि, कर्मचारी सम्बद्ध पक्षहरु तथा करदाताहरु बीच नियमति छलफल अन्तरक्रिया गरी आन्तरिक आय वृद्धि गर्न तर्फ लागिने छ।

१८४. नगरपालिकाले करको दायरामा आउन नसकेका व्यवसायलाई लक्षित गरी घुम्ती व्यवसाय दर्ता तथा नवीकरण शिविर संचालन गरिनेछ ।

१८५. नगरपालिकाको आन्तरिक स्रोतको उच्चतम परिचालनका लागि आर्थिक ऐनले निर्देशित गरेको कर, दस्तुर, सेवा शुल्कका क्षेत्रहरुको दायरा फराकिलो गर्दै नगरको स्रोत परिचालनमा सबै क्षेत्र र वर्गका नगरवासीहरुल आफूले आफ्नो क्षमता अनुसारको योगदान गरेको महसुस गर्ने अवस्थाको सिर्जना गरिने छ ।

१८६. नगरपालिका दर्ता नभएका तर आन्तरिक राजश्व, वाणिज्य, घरेलु तथा साना उद्योगजस्ता कार्यालयमा मात्र दर्ता गरी व्यवसाय गर्दै आएको व्यवसायीलाई नगरको स्रोतबाट भूक्तानी उपलब्ध गराउँदा नगरमा दर्ता गराई मात्र भूक्तानी दिने नीति लिईनेछ ।

१८७. कुनै पनि योजनाहरुको सम्झौता गर्नु अगावै उपभोक्ता समितिका पदाधिकारी एवं योजनाबाट लाभान्वित उपभोक्ताहरुलाई आफूले व्यक्तिगत रुपमा बुझाउनुपर्ने सम्पति कर, व्यवसाय कर, घरजग्गा बाहल कर लगायत निजको दायित्वमा रहेका कर, शुल्क, दस्तुर आदि तिर्न प्रोत्साहित गरिनेछ ।

१८८. नगरपालिका भित्र दैनिक तथा साप्ताहिक रुपमा लाग्ने हाटबजारहरुलाई नगरको मातहतमा ल्याई बजारलाई नगरको आन्तरिक आय संग जोड्ने गरी आवश्यक व्यवस्थापन गरिनेछ ।

१८९. बजार सरसफाई, फोहर व्यवस्थापन गर्दै सौन्दर्यीकरणमा विशेष ध्यान दिईनेनछ ।

१९०. सोमबारे बजार, इटहरा बजार, दाम्राभिट्टा बजार, शनिश्चरे बजार, आमबारी बजार र सिजुवा बजारबाट हाल नगरपालिकाले बजारहरुको फोहर संकलन गर्दै आइरहेकोमा अब बजार केन्द्रित निजी पसल, उद्यमी, व्यवासयी तथा व्यक्तिका घरहरुबाट शुल्क लिई फोहर संकलन गरिनेछ ।

## कानून तथा न्याय सम्बन्धी नीतिः

१९१. कानूनी सचेतना, राय तथा परामर्श, मेलमिलापको प्रवर्धन र समग्र न्याय प्रणालीको दायरा बढाउने गरी कार्यक्रम सञ्चालन गरिनेछ ।

१९२. मेलमिलापकर्ताको क्षमता अभिवृद्धि र नयाँ मेलमिलापकर्ता तयार गर्नका लागि मेलमिलाप सम्बन्धी तालिम सञ्चालन गरिनेछ ।

१९३. नगरपालिकाको न्यायीक समिति र मेलमिलाप केन्द्रको थप व्यवस्थापन गरिनेछ ।

१९४. घरेलु हिंसा, लैङ्गिक हिंसा तथा श्रमिकको ज्याला मजदुरी सम्बन्धी सचेतनामूलक कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

१९५. नगरवासीलाई कानूनी सचेतना गराउने उद्देश्यले सबै वडामा कानूनी साक्षरता अभियानको शिविर सञ्चालन गरिनेछ ।

१९६. स्थानीय तहबाट सम्पादन हुने न्यायिक प्रकृया र प्रणालीको बारेमा विद्यार्थीहरुलाई समेत सुसुचित गराउने **न्यायिक समितिसंग विद्यार्थी कार्यक्रम** सञ्चालन गरिने छ ।

## सुशासन तथा संस्थागत विकास सम्बन्धी नीतिः

१९७. नगरपालिकालाई प्राप्त संवैधानिक तथा कानुनी अधिकारको प्रचलन गर्न तथा नगर सभाबाट स्वीकृत नीति तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयन गर्नका लागि आवश्यक थप कानुनको तर्जुमा, विद्यमान कानुनको पुनरावलोकन गरी संशोधन र एकीकरण गरिनेछ ।

१९८. नगरपालिकाको सार्वजनिक प्रशासनलाई जनमुखी, जवाफदेही, पारदर्शी, वस्तुनिष्ठ, समावेशी तथा जनसहभागितामूलक बनाइनेछ ।

१९९. कानूनको शासन, भ्रष्टचारमुक्त, चुस्त प्रशासन, विकेन्द्रीकरण, आर्थिक अनुशासन, तथा सार्वजनिक कार्य र स्रोतको कुशल व्यवस्थापन जस्ता असल शासनका आधारभूत मान्यतालाई आत्मसात गरी सर्वसाधारणले प्राप्त गर्ने सेवा छिटो, छरितो तथा मितव्ययी ढंगबाट पाउने व्यवस्थाको सृजना गरिनेछ।

२००. सुशासनलाई संस्थागत गर्नको लागि भ्रष्टचार विरुद्ध शुन्य सहनशिलताको नीति अवलम्बन गरिने छ।

२०१. आगामी आर्थिक वर्ष भित्र नगरपालिकाको प्रशासनिक भवनबाट सेवा प्रवाह हुने गरी निर्माण कार्यलाई तीव्रताका साथ अगाडि बढाईनेछ । आफ्नै वडा कार्यालय निर्माण भई सकेका वडा नं. ६ र १० को वडा कार्यालय भवनबाट सेवा प्रवाह गर्ने गरी व्यवस्था मिलाईने छ भने वडा नं. ८ को भवन निमार्णको कार्य आगामी आ.व. भित्र सम्पन्न गरिने छ ।

२०२. प्रमुख प्रशासकीय अधिकृत र शाखा प्रमुखहरु बीच कार्यसम्पादन करार गरी कार्यसम्पादन मूल्याङ्कनलाई वस्तुनिष्ठ बनाईने छ ।

२०३. कर्मचारी र जनप्रतिनिधिको क्षमता विकास तालिम र असल अभ्यास अनुसरण कार्यक्रमहरू सञ्चालन गरिने छ ।

२०४. नगरपालिकासंग सम्बन्धित समस्या, जनगुनासो, तथा ऊजूरीलाई तत्काल सम्बोधनको व्यवस्था मिलाई गुनासो सुन्ने संयन्त्रलाई प्रभावकारी बनाईनेछ ।

२०५. नगरपालिकाद्वारा निर्माण गरिएका कानून (ऐन, कानून, कार्यविधि, निर्देशिका)हरु संग्रहको रुपमा प्रकाशन गरिने छ ।

२०६. नगर प्रहरीको सेवालाई सशक्त र प्रभावकारी बनाउन क्षमता विकास कार्यक्रम सञ्चालन गरिनेछ ।

२०७. राष्ट्रसेवक कर्मचारीको मनोबल सदैव उच्च राख्नका लागि कार्य सम्पादनमा आधारित उत्कृष्ट कर्मचारी पुरस्कारलाई निरन्तरता दिईनेछ

२०८. नगरपालिकाको कार्यालय वडा कार्यालयहरुबाट प्रवाह हुने सेवालाई थप प्रभावकारी बनाउन आवश्यक पर्ने सफ्टवेयरको व्यवस्था गरी प्रविधि मैत्री बनाईनेछ ।

२०९. नियमित सेवा र विकास गतिविधिहरुलाई पारदर्शी बनाउन नियमित रुपमा **नगर सरोकार साप्ताहिक रेडियो/अनलाईन** कार्यक्रम संचालन गरिने छ ।

२१०. नगरपालिकाबाट संचालित कार्यक्रमहरुको वार्षिक समीक्षा तथा सामाजिक परीक्षणको साथसाथै आयोजना कार्यक्रमहरुमा सार्वजनिक परीक्षण र वडास्तरमा समेत सार्वजनिक सुनुवाई कार्यक्रम नियमित रुपमा सञ्चालन गरिने छ ।

२११. उपभोक्ताको स्वास्थ्य, उपभोगयोग्य वस्तु वा सेवको गुणस्तर परिमाण एवं मूल्यको अनियमितताबाट उपभोक्तालाई संरक्षण गर्न, वस्तु तथा सेवाको उत्पादन स्थल लगायतका ठाउँहरुमा वस्तु वा सेवा प्रदायक वा विक्रेताको व्यवसायिक कारोबारको दर्ता, नवीकरण, मूल्यसूची, गुणस्तर नापतौल, लगायतका व्यापारिक क्रियाकलापको निमयन गर्न प्रत्येक महिना बजार अनुगमन गर्ने प्रबन्ध मिलाईने छ ।

२१२. संघ, प्रदेश अन्य स्थानीय तहहरूसँगको समन्वय, सहकार्य र सह-सम्बन्धलाई थप सुदृढ गर्दै प्रवर्धन गरिनेछ ।

२१३. रतुवामाई नगरपालिका क्षेत्र भित्र बस्ने अथवा नगरपालिकामा स्थायी बसोवासगरी विभिन्न विधामा विशेषज्ञता हासिलगरेका व्यक्तिहरुको रोष्टर सूची वनाई नगरपालिकाको समृध्दीका लागि त्यस्ता व्यक्तिहरुको ज्ञान सीपको उच्चतम सदुपयोग गरिनेछ ।

## सूचना तथा सञ्चार सम्बन्धी नीतिः

२१४. "सूचना तथा संचार, सर्बाङ्गीण विकासको आधार" नीति अनुरुप नगरपालिकाको कार्यालय तथा सबै वडा कार्यालयहरुमा इन्टरनेट सेवालाई गुणस्तरीय बनाउन थप व्यवस्थापन गरि सेवा प्रवाहमा सहज तथा सरलीकरण गरिनेछ ।

२१५. सेवाग्राहीहरुको सुविधालाई मध्यनजर गर्दै डिजिटल नागरिक वडा पत्रको व्यवस्था गर्दै सेवा लिन आवश्यक पर्ने आवेदन फारमहरु नगरपालिकाको वेभसाईटबाट प्राप्त गर्न सकिने व्यवस्था मिलाईने छ।

२१६. नगरपालिकाको योजना, सिफारिस,घर नक्सा लगायतमा हुने कागजी प्रक्रियालाई डिजिटलाइज्ड गर्दै सेवा प्रवाहलाई छिटो, छरितो, सरल र सहज बनाउदै लगिनेछ ।

२१७. रतुवामाई नगरभित्र रहेका सबै नागरिक, संस्था, सेवा प्रदायक, भौतिक संरचना, तथा स्रोतसाधनहरूको जि.आई.एस.(GIS) सहितको विस्तृत डिजिटल प्रोफाइल तयार गरी एकीकृत डाटाबेसमा समावेश गरिने।साथै नगरवासीले सार्वजनिक रुपमै पाउनु पर्ने नगरभित्रको बस्तुगत विवरण अनलाइन माध्यमबाट उपलब्ध हुने व्यवस्था मिलाईनेछ ।

२१८. नगरपालिकाको कार्यालय, वडा कार्यालय, मातहतका स्वास्थ्य कार्यालयहरुमा विद्युतिय हाजिरी प्रणालीलाई अनिवार्य बनाई थप व्यवस्थापन गरिनेछ साथै नगरभरिका सामुदायिक विद्यालयहरुमा पनि विद्युतिय हाजिरी प्रणाली संचालनमा ल्याइनेछ ।

२१९. नगरवासीहरुलाई सूचना आदानप्रदान सहज गर्न नगरपालिकाले विभिन्न गाउँ,चौंक तथा सुरक्षा निकाय रहेका स्थानहरुमा जडान गरि संचालनमा ल्याएको फ्री वाई फाईहरु थप व्यवस्थापन गरी निरन्तरता दिईनेछ ।

२२०. नगरपालिकाका क्षेत्रका प्रवेश नाकाहरुमा नगर सीमा प्रवेशको सूचनामूलक जानकारी बोर्ड तथा नगरको मुख्य बजार क्षेत्र र मूल सडकहरुमा सिसिटिभी जडान तथा व्यवस्थापन कार्यलाई निरन्तरता दिदै शान्ति सुरक्षालाई प्रभावकारी बनाईनेछ ।

२२१. नगरपालिकाको सूचना, गतिविधि तथा  प्रगति विवरणहरुमा नागरिकको सहज र सरल पहुँचका लागि स्थानीय पत्रपत्रिका, रेडियो, टेलिभिजन, वेबसाईट र सामाजिक सञ्जाल मार्फत प्रकाशन तथा प्रशारण गरिने छ ।

२२२. सामाजिक सूरक्षा भत्ताको लाभग्राहीलाई बायोमेट्रिक प्रणालीमा अनिवार्य आवद्ध गराईने छ ।

२२३. नगरपालिका क्षेत्रभित्र नेपाल टेलिकमको गुणस्तरीय सेवाको पहुँच सबै क्षेत्रमा पुर्याउन संघ तथा प्रदेश सरकार संग समन्वय गरि आवश्यक स्थानमा टावर निर्माणमा जोड दिइनेछ ।

२२४. सूचना प्रविधिको विकास संगै बढ्दै गइरहेको साईबर क्राइम(Cyber Crime) नियन्त्रण गर्न संघीय तथा प्रदेश सरकार सँग समन्वय गरि जनचेतनामुलक कायक्रमहरु संचालन गरिनेछ।

## सार्वजनिक निजी-साझेदारी सम्बन्धी नीतिः

२२५. नगरपालिकाको समृद्धि र विकासमा सहयोग पुऱ्याउन सफल नगरपालिका संग भगिनी सम्बन्ध कायम गर्न आवश्यक पहल गरिने छ ।

२२६. रतुवामाई नगरपालिका र अन्य सरकारी, गैरसरकारी, निजी क्षेत्र र सामुदायिक संघसंस्थाको साझेदारीमा विभिन्न कार्यक्रम सञ्चालन गरिने छ ।

अन्त्यमा यस नगरपालिकाले दीर्घकालीन सोच उद्देश्य प्राथमिकताका साथ अघि सारेका नीति तथा कार्यक्रमको प्रभावकारी तथा सफल कार्यन्वयनले नगरपालिकालाई समृद्ध बनाउन योगदान पुर्याउने कुरामा विश्वास राख्दै नीति तथा कार्यक्रममा सहयोग पुर्याउनु हुने सम्पूर्ण सभाका सदस्यहरु, विषयगत समितिका पदाधिकारीहरु, विभिन्न राजनैतिक दलका प्रतिनिधीहरु, वुध्दिजिवी,समाजसेवी, शिक्षक प्राध्यापक, राष्ट्र सेवक कर्मचारीहरु लगायत सम्पूर्ण नगरवासीहरु समेतलाई हार्दिक धन्यवाद व्यक्त गर्दै नीति कार्यक्रम अनुरुप उचित स्रोतसाधनका व्यवस्थाको प्रतिवद्धता गर्दै यस नगरपालिकाको "कृषि विकास र भौतिक पुर्वाधारको लहर, रतुवामाई नगरपालिकालाई समृद्ध बनाउने हाम्रो रहर" भन्ने नारा सफल बनाउन सबैको साथ सहयोग र सहकार्यको आशा र विश्वास राख्दै विदा हुन्छु नमस्कार ।